# हार्दिक बधाई



मंसिर ६ गते २०७७/नोभेम्बर २१ तारिख २०२० शनिबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री **नविन देउला** र प्रकाश मण्डली, उदयपुरको सदस्य श्री **रेणुका राई**को प्रकाश मण्डली, उदयपुरमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **नविन** र **रेणुका देउला**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर ४ गते २०७७/नोभेम्बर १९ तारिख २०२० बिहीबार नेइम जोरपाटी चर्चको सदस्यहरू श्री **राज गुरूङ्ग** र सुश्री **आस्मा तामाङ्ग**को नेइम जोरपाटी चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **राज** र **आस्मा गुरूङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## हार्दिक शुभकामना

प्रभु येशू ख्रीष्टको जन्मोत्सव (ख्रीष्टमस) तथा नव वर्ष २०२१ को सुखद् अवसरमा नेइम अन्तर्गतका सम्पूर्ण मण्डली परिवारहरू, शाखा तथा आवद्ध मण्डलीहरू, देश विदेशमा हुनुभएका सम्पूर्ण मण्डली परिवारहरू साथै सम्पूर्ण देशवासीहरूमा प्रेम, मेलमिलाप, एकता र शान्तिको लागि प्रार्थना तथा शुभकामना व्यक्त गर्दछौं ।

# विशेष् प्रार्थना

१. प्रधानमन्त्री, मन्त्री मण्डल, विभिन्न प्रशासनिक निकायहरू, सुरक्षा तथा न्यायिक पदाधिकारी, सांसद, सबै राजनैतिक दलका नेताहरू, नागरिक समाज तथा मानव अधिकारका अगुवाहरू सबै एकता, मेलमिलाप र समझदारीमा रही देशलाई ठीक प्रकारले डोऱ्याउन सकून् ।

२. मण्डलीका सबै गुरुजनहरूले मण्डलीलाई परमेश्वरको इच्छाअनुसार अगुवाई गर्न, हुर्काउन, बढाउन, डोऱ्याउन साथै व्यवस्थित गर्न परमेश्वरबाटको अनुग्रह र पवित्र आत्माको सहायता मागिदिऔं ।

३. मण्डलीमा कसैले पनि रीतिविधिको रुपमा प्रभु येशूलाई नअङ्गालेको होस् । मण्डलीमा आउनुहुनेहरू सबै ख्रीष्ट प्रभुलाई सत्यतामा प्रेम गर्नेहरू हुन सकून् जसको कारण मण्डली संख्यामा मात्र होइन गुणमा पनि बढ्दै जान सकून् ।

४. यो महिना ख्रीष्टमसको अवसरमा सारा संसारभरिका विभिन्न मण्डलीहरूमा हुने सेवा संगति, सुसमाचार प्रचारको सेवा साथै विभिन्न माध्यमद्वारा प्रचारिने सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।

५. मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरौं ।

६. २०२१ साल नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डलीहरू अझ आशिषित् भएर जानको लागि परमेश्वरबाटको विशेष् अगुवाई मागौं ।

## जानकारी



दीपज्योति, गोंगबू बस्नुहुने नेइम गोंगबू चर्चको सदस्य श्री प्रेम राणा मगर ५९ वर्षको उमेरमा कार्तिक १७ गते २०७७/नोभेम्बर २ तारिख २०२० सोमबार प्रभुमा सुत्नुभयो ।



गोंगबू बस्नुहुने नेइम गोंगबू चर्चको सदस्य श्री लाल बहादुर थापा मगर ९३ वर्षको उमेरमा मंसीर ४ गते २०७७/नोभेम्बर १९ तारिख २०२० बिहीबार प्रभुमा सुत्नुभयो ।



ताहाचल बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री पूर्ण शाही ६९ वर्षको उमेरमा मंसीर ९ गते २०७७/नोभेम्बर २४ तारिख २०२० मंगलबार प्रभुमा सुत्नुभयो ।



गट्ठाघर मध्यपुर, ठिमी बस्नुहुने नेइम सिर्जनानगर चर्चको सदस्य श्रीमती मन्जु परियार ६० वर्षको उमेरमा मंसीर ९ गते २०७७/नोभेम्बर २४ तारिख २०२० मंगलबार प्रभुमा सुत्नुभयो ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २१ 6<br>नेपाल देशका सबै मण्डलीहरू प्रार्थना, वचन पढाइ, स्तुति प्रशंसा, सुसमाचार प्रचार, प्रेम र पवित्रताको क्षेत्रमा अझै अघि बढ्दै जान सकून् साथै ख्रीष्ट प्रभुको दोस्रो आगमनको निम्ति सधैँ तयार रहनेहरू हुन सकून् ।<br>फिलिप्पी ४:८-९ | २८ 13<br>विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं।<br>२ कोरिन्थी २:१४-१७ | ५ 20<br>मण्डलीका सबै विश्वासीहरू प्रभुमा पाको हुँदै जान साथै एकअर्कालाई पनि प्रभुमा हुर्काउनेहरू हुन सकौं ।<br>रोमी १५:१-६ | १२ 27<br>प्रतिज्ञा गरिएको आशिष् प्राप्त गर्नको लागि विश्वासको पाइला अघि बढाउँदै जान सकौं ।<br>यहोशू १:२-९ |
| **सोमबार**<br>Monday | २२ 7<br>हामी परमेश्वरका छोराछोरीहरू सधैँ दूधे बालकझैं नहोऔं तर बढेका छोराछोरी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>१ कोरिन्थी १३:११, हिब्रू ५:११-१४ | २९ 14<br>मण्डलीका सबै विश्वासीहरू सबै परिस्थितिमा स्थिर र अटल रही परमेश्वरको वचनअनुसार जिउन पवित्र आत्माले नै सहायता गर्नुभएको होस् ।<br>भजनसंग्रह ११९:१०५,१३३ | ६ 21<br>बेरोजगार भएकाहरूको अभाव प्रभुले पूरा गरिदिऊन् र कामहरू पनि जुटाइदिनुभएको होस् ।<br>१ पत्रुस ५:७ | १३ 28<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि मात्र होइन तर आत्मिक जागृतिको साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>२ पत्रुस १:१५-१६ |
| **मंगलबार**<br>Tuesday | २३ 8<br>येशू प्रभुलाई विश्वास गर्नेहरू केवल विश्वासीहरू मात्र होइन तर ख्रीष्टको चेला भएर जिउन सकून् ।<br>कलस्सी १:२८ | ३० 15<br>सम्पूर्ण विश्वासीहरूले वचन पढ्ने, साथैं वचनको प्रकाश र ज्ञानमा बढ्दै जान पवित्र आत्माले नै सहायता गरून् ।<br>२ तिमोथी ३:१४-१७ | ७ 22<br>येशू ख्रीष्ट नै सारा संसारको ज्योति हुनुहुन्छ भन्ने सत्यता सारा मानव जातिले बुझी विश्वास गर्न सकून् ।<br>यशैया ९:२, यूहन्ना ८:१२ | १४ 29<br>प्रत्येक परिवारमा श्रीमान्/श्रीमती, छोराछोरी र बाबु आमाबीचको असल सम्बन्धले ख्रीष्ट प्रभुलाई महिमा दिन सकून् ।<br>भजनसंग्रह ११५:९-१५ |
| **बुधबार**<br>Wednesday | २४ 9<br>मण्डलीको चार खाँबो पुरुष, महिला, जवान र बाल संगति आत्मिक क्षेत्रमा एकै रूपमा बढ्दै जान सकून् ।<br>एफिसी ४:१२-१६ | १ पौष 16<br>लागु पदार्थ, जाँड, रक्सी, चुरोट तथा अरू विभिन्न किसिमका बन्धनमा फसेका सबैले छुट्कारा पाई आशिषित् जीवन सकून् ।<br>यशैया ५१:११-१२ | ८ 23<br>ख्रीष्टमसको समयमा विभिन्न माध्यमहरूद्वारा प्रचारिने सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून्।<br>प्रेरित २:३८-४१ | १५ 30<br>यो वर्षभरि परमप्रभु परमेश्वरले दिनुभएको आशिष्को लागि धन्यवाद चढाऔं ।<br>भजनसंग्रह ९६:१-९ |
| **बिहीबार**<br>Thursday | २५ 10<br>मण्डलीका सबै बाल बालिकाहरू सानै उमेरदेखि प्रभुको आवाज सुनेर भविष्यमा परमेश्वरकै महिमाको कामको लागि तयार हुन सकून् ।<br>१ शमूएल ३:१-१० | २ 17<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई हामीहरू सधैँ परमेश्वरको इच्छाअनुसार जिउनको लागि पवित्र आत्माको सहायता मागौं ।<br>कलस्सी ३:१-४ | ९ 24<br>सारा विश्वव्यापी मण्डलीहरूमा हुने ख्रीष्टमस सेवामा परमेश्वरको इच्छा पूरा भएको होस् । ती संगतिद्वारा परमेश्वरलाई नै महिमा मिलेको होस् ।<br>यूहन्ना १७:१-३ | १६ 31<br>आउँदो वर्षभरि आशिषित् भएर जिउनका लागि आजदेखि नै दिन प्रतिदिन विजयको पाइला अघि बढाउँदै जान सकौं ।<br>व्यवस्था ११:११-१२ |
| **शुक्रबार**<br>Friday | २६ 11<br>समस्या, चिन्ता, रोग, शोक, अभाव, बन्धन, निरास, ऋण, अशान्तिमा भएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>फिलिप्पी ४:४-७ | ३ 18<br>प्रभुलाई पाएर पनि संसारतिर हराएकाहरू अनुग्रहको समय छँदा नै प्रभुमा फर्केर आउन सकून् ।<br>लूका १५:११-२४ | १० 25<br>सारा संसारका मानिसहरूले येशू ख्रीष्ट नै प्रभु अनि मुक्तिदाता हुनुहुन्छ भनी जानेर विश्वास गर्न सकून् ।<br>लूका २:८-११ | १७ January 1<br>यो वर्ष पनि परमेश्वरले देखाउनुभएको योजनाहरू पूरा गर्दै जान पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>१ कोरिन्थी २:९ |
| **शनिबार**<br>Saturday | २७ 12<br>देशका सम्पूर्ण मण्डलीका सेवक/सेविका साथै मण्डली परिवारको लागि सुरक्षा मागिदिऔं ।<br>भजनसंग्रह ५:११-१२ | ४ 19<br>परमेश्वरमा निको हुने आशाले आउनुभएका रोगी-बिरामी, भूतात्मा लागेका र अन्य बन्धनमा परेकाहरूको जीवनमा चंगाई, छुट्कारा र स्वतन्त्रता आएको होस् ।<br>यर्मिया ३१:११-१२,१६-२० | ११ 26<br>ख्रीष्टमसको समयमा प्रचारिएको सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।<br>यूहन्ना १४:६, प्रेरित ४:१२ | १८ 2<br>हामी सबै ख्रीष्ट प्रभुलाई जीवनको अन्तिम घडीसम्मै प्रेम गरिरहन र उहाँको भएर जिउनको लागि अनुग्रह मागौं ।<br>२ तिमोथी ४:७-८ |

**तब स्वर्गदूतले तिनीहरूलाई भने, "नडराओ, किनभने हेर, म तिमीहरूलाई बडो आनन्दको सुसमाचार सुनाउँछु, जो सबै मानिसहरूका निम्ति हुनेछ । आज दाऊदको शहरमा तिमीहरूका निम्ति एउटा मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट प्रभु हुनुहुन्छ ।**

**लूका २:१०-११**


प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np, www.nim.org.np